# नेपाल विद्युत प्राधिकरण
## तालिम केन्द्र
खरिपाटी, भक्तपुर

## पुराना सामानहरु लिलाम विक्री बोलपत्र आह्वानको सूचना

बोलपत्र नं.: NEATC-ADM-04-2072/073
(प्रथमपटक प्रकाशित मितिः २०७२/११/०४)

ने.वि.प्रा. तालिम केन्द्रमा रहेका IMT College का निम्नानुसारका सामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म, संघ-संस्थाहरुबाट रितपूर्वक शिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

१. बोलपत्र तोकिएको मिति भित्र कार्यालय खुलेको समयमा रु.३००।– (तीन सय मात्र पछि फिर्ता नहुने) यस कार्यालयको बैङ्क अफ काठमाण्डु, सूर्यविनायक स्थित चल्ति खाता नं. ०१२७००००००२५२४ मा जम्मा गरेको सक्कल बैङ्क भौचरसाथ बोलपत्र खरिदकर्ताको नागरिकताको प्रतिलिपी वा अन्य परिचय पत्र सहितको निवेदन पेश गरेर यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

२. बोलपत्र साथ विडवण्ड वापत आफूले कबुल गरेको मूल्य अभिवृद्धि कर (VAT) सहितको रकमको १० प्रतिशतले हुन आउने रकम तालिम केन्द्रको नाममा खिचिएको बैंक ड्राफ्ट वा ने.वि.प्रा. तालिम केन्द्रको पक्षमा नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त क श्रेणीको कुनै पनि बाणिज्य बैंकबाट जारी भएको कम्तिमा ९० (नब्बे) दिन म्याद भएको बैंक जमानी पत्र वा यस कार्यालयको बैङ्क अफ काठमाण्डु, सूर्यविनायक स्थित चल्ति खाता नं. ०१२७००००००३५२४ मा जम्मा गरेको सक्कल बैङ्क भौचर संलग्न गर्नु पर्नेछ।

३. दर्ता हुन आएका बोलपत्रहरु, बोलपत्रदाताहरु वा निजका प्रतिनिधीहरुको उपस्थितिमा (उपस्थित नभए पनि) तोकिएको मिति र समयमा यस कार्यालयमा खोलिने छन्।

४. बोलपत्रदाताले चाहेमा बोलपत्र पेश गर्नु अघि कार्यालय समयभित्र लिलाम बिक्री गरिने सामानहरु निरीक्षण गर्न सक्नेछन् र बोलपत्र सम्बन्धी विस्तृत विवरण यस कार्यालयबाट बुझ्न सकिनेछ।

५. बोलपत्र आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस तालिम केन्द्रमा सुरक्षित रहनेछ।

६. बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिनमा सार्वजिनक बिदा परेमा बिदा पछि कार्यालय खुलेको दिन क्रमश अन्तिम खरिद गर्ने र दर्ता गर्ने दिन कायम हुनेछ। अन्य जानकारीको लागि यस तालिम केन्द्रमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

| सामानहरुको विवरण | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | न्यूनतम लिलाम बिक्री मूल्य (VAT बाहेक) |
|---|---|---|---|---|
| फर्निरचहरु, Electrical/ Electronics , Practical Instruments , किताव लगायत विभिन्न सामानहरु | २०७२/११/१८ अपरान्ह ५:०० बजे | २०७२/११/१९ मध्यान्ह १२:०० बजे | २०७२/११/१९ अपरान्ह २:०० बजे | रु.८१,८७५।- |